स्वच्छ संमृद्ध सुसंस्कृत इलाम

# इलाम नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### शिक्षा,युवा तथा खेलकुद शाखा

इलाम

पत्र संख्या: ०७८/७९

१ नं.प्रदेश,नेपाल

चलानी नः २३२

मितिः २०७८/०५/०७

विषयः सिकाइ सहजीकरण सम्बन्धमा।

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु,
इलाम नगरपालिका, इलाम।

प्रस्तुत विषयमा कोभिड – १९ को विषम परिस्थितिका कारण विद्यालयहरु भौतिक रुपमा सञ्चालन गर्न कठीनाइ भइरहेको वर्तमान अवस्थामा बालबालिकाहरुको सिकाइ सहजीकरणलाई निरन्तरता दिई शैक्षिक सत्र २०७८ लाई तोकिएकै समयमा पूरा गर्न नगर शिक्षा समितिको मिति २०७८/०५/०४ गतेको बैठकको निर्णयानुसार स्वास्थ्य सुरक्षाका सबै मापदण्डहरुको पालना गरी तपसिलबमोजिम गर्नु गराउनु हुन जानकारी गराइन्छ।

**तपसिलः**

१. मिति २०७८/०५/१५ गते भित्रमा विद्यार्थी अभिलेखीकरण गरी तथ्याङ्क अद्यावधिक गर्ने,
२. वैकल्पिक सिकाइ सहजीकरणका सम्बन्धमा सम्बन्धित अभिभावकहरुलाई सूचना गर्ने,
३. इन्टरनेटको पहुँच भएका बालबालिकाहरुका लागि अभिभावकहरुको समन्वयमा अनलाइन कक्षा सञ्चालन गर्ने,
४. इन्टरनेटको पहुँच नभएका बालबालिकाहरुका लागि शिक्षकहरुले पाठ नोट तयारी गरी अभिभावकको समन्वयमा कार्यतालिका बनाई सम्बन्धित विद्यार्थीलाई नोटको साथमा साप्ताहिक गृहकार्य उपलब्ध गराउने र आवश्यक पृष्ठपोषण प्रदान गर्ने,
५. अनलाइन कक्षा वा अन्य वैकल्पिक उपायहरुबाट गरिएको सिकाइ सहजीकरणबाट नै विद्यार्थी मूल्याङ्कन हुने हुँदा सोको अभिलेख अद्यावधिक राख्नु हुन।

प्रेमकुमार गौतम
उप सचिव(अधिकृत दशौं)

**बोधार्थः**

श्री सबै वडा कार्यालयहरु, इलाम नगरपालिका, इलाम – जानकारीको लागि।
श्री सूचना तथा प्रविधि शाखा, इलाम नगरपालिका, इलाम – वेभसाइटमा अपलोड गरिदिनु हुन।